# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

**वर्ष-८, अंक-४४** **अवधिः २७ माघ — ४ फागुन, २०७९** **२७ माघ, २०७९**


## मौसमी सारांशः

- गत साताको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार एक-दुई केन्द्रमा छिटपुट वर्षा मापन भएको छ। देशको पूर्वी तराईका केही स्थान तथा अन्य एक-दुई स्थान बाहेकका अधिकांश भू-भागहरुमा २५ डि.से. भन्दा कम अधिकतम तापक्रम मापन गरिएको छ। प्रदेश नं-१ को सुनसरी जिल्लामा रहेको चतरा केन्द्रमा सबैभन्दा बढी २७.२ डि.से. अधिकतम तापक्रम मापन गरिएको छ। तराईको एक-दुई स्थान बाहेक अधिकांश भू-भागहरुमा १२ डि.से. भन्दा कम न्यूनतम तापक्रम मापन गरिएको छ भने पश्चिमी क्षेत्रको उच्च पहाडी तथा हिमाली जिल्लाको धेरैजसो स्थानमा शुन्य डि.से. भन्दा कम न्यूनतम तापक्रम मापन गरिएको छ। कर्णाली प्रदेशको मुगु जिल्लामा रहेको रारा केन्द्रमा सबैभन्दा कम -३.५ डि.से. तापक्रम मापन भएको छ।
- यो साता पश्चिमी निम्न चापीय प्रणालीको प्रभाव रहने संभावना छ।
- हिमाली र पहाडी भू-भागमा साताको शुरू र अन्त्यमा आंशिक बदली देखि सामान्य बदली र मध्यमा आंशिक बदली देखि सामान्यतया मौसम सफा रहनेछ।
- साताको शुरू र अन्त्यमा हिमाली भू-भागका केही स्थानहरूमा हल्का देखि मध्यम हिमपातको संभावना छ।
- तराई भू-भागमा बिहानी र रातीपख हुस्सु/कुहिरो लाग्ने संभावना छ।
- लुम्बिनी र सुदूर-पश्चिम प्रदेशका तराई भू-भागका साथै कर्णाली र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा साताको शुरू र मध्यमा तीव्र गतिको हावा चल्ने संभावना छ।
- देशको अधिकांश भू-भागहरूमा अधिकतम तापक्रम तथा न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने संभावना छ।

## कृषि सारांश


- तराई, भित्री मधेश र पहाडका बेंसीहरु (७०० मिटरसम्म) का लागि सिफारिस गरिएका हर्दिनाथ-१, चैते-२, चैते-४, चैते-५ र चैते-६ धानका जातहरु मध्ये उपलब्ध जातको बीउ १.५ के.जी. प्रति कठ्ठा वा २.२५ के.जी. प्रति रोपनीका दरले व्यवस्था गर्नुहोस्। धानको ब्याड राख्नु अघि सौर्य उपचार विधिबाट माटोको उपचार गर्नुहोस्। साथै राईस ट्रान्सप्लान्टरबाट चैते धान रोप्नका लागि सीड बेड राख्नुहोस्।
- अहिलेको समयमा धानको बेर्ना उत्पादन गर्न चाहिने तापक्रम अझै पुगी नसकेको हुनाले अंकुरण नहुँदा सम्म बीउ राखिएको फ्रेम/ट्रे लाई राति प्लास्टिकले छोप्ने तथा बिहान घाम आएपछि हटाउने गर्नुहोस्।
- बदलिँदो मौसमको कारण देशका विभिन्न स्थानहरुमा गहुँमा लाग्ने सिन्दुरे रोग देखापर्न थालेको हुँदा व्यवस्थापनको लागि ढुसीनाशक विषादी टिल्ट १ एम.एल. वा नाटिभो ०.५ एम.एल. प्रति लिटर पानीका दरले १०-१२ दिनको फरकमा आवश्यकता अनुसार २-३ पटक प्रयोग गर्नुहोस्।
- मकैमा अमेरिकी फौजी कीराको प्रकोप ज्यादा भएमा इमामेक्टिन बेन्जोएट ५% एस.जी., ०.४ ग्राम वा स्पिनोस्याड ४५% एस.सी., ०.३ मिलिलिटर वा स्पाइनेटोराम ११.७ % एस.सी., ०.५ मिलिलिटर प्रति लिटर पानीको दरले बोट भिज्नेगरि ७ दिनको फरकमा २-३ पटक छर्नुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरि आलोपालो गरि प्रयोग गर्नुहोस् तथा घोगा लागिसकेपछि विषादी प्रयोग नगर्नुहोस्।
- ३०-४०% कोसाहरु पहेँलो रंगको भएपछि मौसमको अवस्था हेरी तोरीबालीको कटानी गरी खलिहान/खलोमा जम्मा गरि ५-६ दिनसम्म सुकाई, चुटि, केलाई सफा गर्नुहोस्। त्यसपछि दानामा ८-१०% सम्म चिस्यानको मात्रा भएपछि सुख्खा ठाँउमा भण्डारण गर्नुहोस्।
- लसुन, सिमी तथा बकुल्लामा सिन्दुरे रोगको प्रकोप देखिएमा रोगी पातहरु हटाएर प्रोपिकोनाजोल २५% ई.सी. वा टेबुकोनाजोल र ट्राइफ्लोक्सिस्ट्रोबिन ७५% डब्लु.जी., १ ग्राम प्रति लिटर पानीको दरले सम्पूर्ण पातहरु भिज्नेगरि १०-१२ दिनको फरकमा २-३ पटक सम्म छर्केर उपचार गर्नुहोस्।
- गोलभेंडामा लाग्ने गवारो कीरा व्यवस्थापनको लागी ब्याक्टेरियाजन्य विषादी (बी.टी.), ३ ग्राम प्रति लिटर पानीको दरले अथवा क्लोरानट्रानिलिप्रोल १८.५ इ.सि. ०.४ एम.एल. प्रति लिटर पानीको दरले साँझको समयमा बोट भिज्नेगरि स्प्रे गर्नुहोस्।
- यो समयमा पन्छीहरुमा बर्डफ्लूको उच्च जोखिम रहेकोले फार्ममा जैविक सुरक्षा अपनाउनुहोस्। फार्ममा एकैपटक धेरै कुखुरामा श्वासप्रश्वास सम्बन्धि रोगको लक्षण देखापरेमा, मृत्युदर बढी भएमा वा बर्डफ्लू रोगको शंका लागेमा विशेष सतर्कता अपनाई नजिकैको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नुहोस्।
- वातावरण परिवर्तनसँगै प्रजनन् समयमा कमजोर शारीरिक अवस्थाका कारण कार्प जातका माउमाछामा बाह्य परजीवी आर्गुलस (माछाको जुम्रा) को प्रकोप देखिएमा ड्युराक्लिन ०.३ ग्राम प्रति के.जी. दानाको दरले तीन दिनसम्म लगातार दिएपछि एक दिन छोडी पुनः दुई दिनसम्म लगातार दिनुहोस्।
- तराईका जिल्लाहरुमा कमन कार्प माछाको प्रजनन् समय भएको हुँदा हप्ता दिनको अन्तरमा तयार माउ छनौट गरी काकाबनयुक्त प्रजनन् पोखरीमा सेट राख्नुहोस्। अण्डाबाट निस्केको ह्याचलिङलाई प्रति दिन प्रति एक लाख नाभि थैली सुकेपछि शारीरिक तौलको १५-२०% धुलो दाना र थप ४ वटा उसिनेको अन्डाको रानोको झोल बनाई खुवाउनुहोस्।
- लामो समय देखि पानी नपरेको हुनाले खरबारी, डालेघाँस लगाएको नर्सरी, बेर्ना सारेको बारी तथा गोठ वरिपरी आगो लाग्नबाट बचाउन २-३ मिटर चौडाईमा घाँसपात पतिंगर हटाई अग्नि नियन्त्रण रेखा बनाउनुहोस्।
- कृषि र पशु सम्बन्धी जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म फोन गर्नुहोस्।
- कृषि-मौसम सल्लाह बुलेटिन नेपाल टेलिभिजनको NTV NEWS Channel बाट प्रत्येक शनिबार बेलुका ८ बजेको समाचारपछि प्रसारण हुने गर्दछ। यसको पुनः प्रसारण आईतवार बिहान ७ बजेको समाचारपछि पनि हेर्न सकिन्छ।

# गत हप्ता (२०-२६ माघ, २०७९) को मौसमी सारांश





**साप्ताहिक कुल वर्षाः** ७६ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार गत साता देशको एक-दुई केन्द्रमा छिटपुट वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक कुल वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** ९७ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका धेरैजसो केन्द्रहरुमा सरदर भन्दा बढी तापक्रम मापन भएको छ। देशको पूर्वी तराईका केही स्थान तथा अन्य एक-दुई स्थान बाहेकका अधिकांश भू-भागहरुमा २५.० डि.से. भन्दा कम अधिकतम तापक्रम मापन गरिएको छ। प्रदेश १ को सुनसरी जिल्लामा रहेको चतरा केन्द्रमा सबैभन्दा बढी २७.२ डि.से. अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** ९७ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशको अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी तापक्रम मापन भएको छ। तराईको एक-दुई स्थान बाहेक अधिकांश भू-भागहरुमा १२.० डि.से. भन्दा कम न्यूनतम तापक्रम मापन गरिएको छ भने पश्चिमी क्षेत्रको उच्च पहाडी तथा हिमाली जिल्लाको धेरैजसो स्थानमा ० डि.से. भन्दा कम तापक्रम मापन गरिएको छ। कर्णाली प्रदेशको मुगु जिल्लामा रहेको रारा केन्द्रमा सबैभन्दा कम -३.५ डि.से. तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत न्यूनतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः*** *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धीत हप्ताको औसतमा १० प्रतिशत भन्दा कम देखी १० प्रतिशत भन्दा बढीको वर्षालाई जनाउँछ। (ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धीत हप्ताको औसतमा ०.२ डि.से. भन्दा कम देखी ०.२ डि.से. भन्दा बढीको तापक्रमलाई जनाउँछ। (ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रवार देखी विहिवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहिवार देखी बुधवार सम्मको तथ्याङ्कलाई लिएर नक्सा तयार गरिएको छ।*

# आगामी साता (२७ माघ — ४ फागुन, २०७९) को मौसमी परिदृष्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा / हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था (सफा,आंशिक, सामान्य, अधिकांश र पूर्ण) | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं १ | हिमाल/ उच्च पहाड | हल्का हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरूमा आंशिक बदली देखि सामान्य बदली, साताको मध्यमा र अन्त्यमा आंशिक बदली | | साताको शुरूमा एक-दुई स्थानमा हल्का हिमपातको संभावना |
| | पहाड | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा आंशिक बदली | | |
| | तराई | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा मौसम सामान्यतया सफा रहने | हुस्सु/कुहिरो | साताको मध्य र अन्त्यमा बिहान र रातीको समयमा हुस्सु/ कुहिरोको संभावना |
| मधेश प्रदेश | तराई | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा मौसम सामान्यतया सफा रहने | हुस्सु/कुहिरो | साताको मध्य र अन्त्यमा बिहान र रातीको समयमा हुस्सु/ कुहिरोको संभावना |
| वागमती प्रदेश | हिमाल/ उच्च पहाड | हल्का हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरूमा आंशिक बदली देखि सामान्य बदली, साताको मध्यमा र अन्त्यमा आंशिक बदली | | साताको शुरूमा एक-दुई स्थानमा हल्का हिमपातको संभावना |
| | पहाड | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा आंशिक बदली | | |
| | तराई | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा मौसम सामान्यतया सफा रहने | हुस्सु/कुहिरो | साताको मध्य र अन्त्यमा बिहान र रातीको समयमा हुस्सु/ कुहिरोको संभावना |
| गण्डकी प्रदेश | हिमाल/ उच्च पहाड | हल्का हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरूमा र अन्त्यमा आंशिक बदली देखि सामान्य बदली, साताको मध्यमा आंशिक बदली | | साताको शुरूमा र अन्त्यमा थोरै स्थानमा हल्का हिमपातको संभावना |
| | पहाड | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा आंशिक देखि सामान्य बदली | | |
| | तराई | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा मौसम सामान्यतया सफा रहने | हुस्सु/कुहिरो | साताको मध्य र अन्त्यमा बिहान र रातीको समयमा हुस्सु/ कुहिरोको संभावना |
| लुम्बिनी प्रदेश | पहाड | हल्का हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरूमा र अन्त्यमा आंशिक बदली देखि सामान्य बदली, साताको मध्यमा आंशिक बदली | | साताको शुरूमा र अन्त्यमा थोरै स्थानमा हल्का हिमपातको संभावना |
| | तराई | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा आंशिक देखि सामान्य बदली | | |
| कर्णाली प्रदेश | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरूमा र अन्त्यमा आंशिक बदली देखि सामान्य बदली, साताको मध्यमा आंशिक बदली | | साताको शुरूमा र अन्त्यमा केही स्थानहरूमा हल्का देखि मध्यम हिमपातको संभावना |
| | पहाड | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा आंशिक देखि सामान्य बदली | हुरी | साताको शुरू र मध्यमा दिउँसो र साँझमा उच्च गतिको हावा चल्ने संभावना |
| सुदूरपश्चिम प्रदेश | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरूमा र अन्त्यमा आंशिक बदली देखि सामान्य बदली, साताको मध्यमा आंशिक बदली | | साताको शुरूमा र अन्त्यमा केही स्थानहरूमा हल्का देखि मध्यम हिमपातको संभावना |
| | पहाड | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा आंशिक देखि सामान्य बदली | | |
| | तराई | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको अधिकांश दिनमा मौसम सामान्यतया सफा रहने | हुरी, हुस्सु/कुहिरो | साताको मध्य र अन्त्यमा बिहान र रातीको समयमा हुस्सु/ कुहिरोको संभावना। साताको शुरू र मध्यमा दिउँसो र साँझमा उच्च गतिको हावा चल्ने संभावना |

*नोट: साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्बन्धी विस्तृत जानकारीको लागी हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट* http://www.mfd.gov.np *हेर्नुहोस्।*

# कृषि सल्लाह

## खाद्यान्नबाली

- गहुँ पहेँलो हुने समस्याबाट बच्न सिंचाइ गर्दा पानी जम्न नदिन विशेष ध्यान दिनुहोस्।
- बदलिँदो मौसमको कारण देशका विभिन्न स्थानहरुमा गहुँमा लाग्ने सिन्दुरे रोग देखापर्न थालेको हुँदा खेतबारीको नियमित अवलोकन गरि रोग देखिएमा कृषि प्राविधिकहरुलाई जानकारी गराई व्यवस्थापनको लागि ढुसीनाशक विषादी टिल्ट (Tilt) १ एम.एल. वा नाटिभो (Nativo) ०.५ एम.एल. प्रति लिटर पानीका दरले १०-१२ दिनको फरकमा आवश्यकता अनुसार २-३ पटक प्रयोग गर्नुहोस्।
- ३०-४०% कोसाहरु पहेंलो रंगको भएपछि मौसमको अवस्था हेरि तोरी बालीको कटानी गरि खलिहान/खलोमा जम्मा गरि ५-६ दिनसम्म सुकाई, चुटी, केलाई सफा गर्नुहोस्। त्यसपछि दानामा ८-१०% सम्म चिस्यानको मात्रा भएपछि सुख्खा ठाँउमा भण्डारण गर्नुहोस्।
- मकैबालीमा सिंचाइ पश्चात नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा अनुसूची-२ अनुसार टपड्रेस गर्नुहोस्।
- मकैमा अमेरिकी फौजी कीरा (Spodoptera frugiperda) को प्रकोप देखिएकोले नियमित अनुगमन गर्नुहोस्। कीराको संख्या तथा क्षतिको आँकलन गर्न वयस्कको लागि बत्ति र फेरोमन पासोको तथा लार्भाको लागि खाल्डे पासोको प्रयोग गर्नुहोस्। प्रकोप ज्यादा भएमा नोक्सानी कम गर्न इमामेक्टिन बेन्जोएट ५% एस.जी., ०.४ ग्राम <u>वा</u> स्पिनोस्याड ४५% एस.सी., ०.३ मिलिलिटर <u>वा</u> स्पाइनेटोराम ११.७ % एस.सी., ०.५ मिलिलिटर प्रति लिटर पानीको दरले बोट भिज्नेगरि ७ दिनको फरकमा २-३ पटक छर्नुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरि आलोपालो गरि प्रयोग गर्नुहोस् तथा घोगा लागिसकेपछि विषादी प्रयोग नगर्नुहोस्।



साना आकारका लार्भाले गरेको क्षतिको लक्षण



मध्यम आकारका लार्भाले गरेको क्षतिको लक्षण



गुभोमा लार्भाले गरेको क्षतिको लक्षण









- तराई, भित्री मधेश र पहाडका बेंसीहरु (७०० मिटरसम्म) का लागि सिफारिस गरिएका हर्दिनाथ-१, चैते-२, चैते-४, चैते-५ र चैते-६ धानका जातहरु मध्ये उपलब्ध जातको बीउ १.५ के.जी. प्रति कठ्ठा वा २.२५ के.जी. प्रति रोपनीका दरले व्यवस्था गर्नुहोस्। धानको ब्याड राख्नुअघि सौर्य उपचार विधिबाट माटोको उपचार गर्नुहोस्। यसबारे विस्तृत जानकारी अनुसूची-३ मा दिईएको छ।

- अहिलेको समयमा धानको बेर्ना उत्पादन गर्न चाहिने तापक्रम अझै पुगी नसकेको हुनाले अंकुरण नहुँदा सम्म बीउ राखिएको फ्रेम/ट्रे लाई राति प्लास्टिकले छोप्ने तथा बिहान घाम आएपछि हटाउने गर्नुहोस्।
- राईस ट्रान्सप्लान्टरबाट चैते धान रोप्नका लागि सीड बेड (अनुसूची-४ अनुसार) राख्नुहोस्।
- तराईका जिल्लाहरुमा मुसुरो बालीमा डढुवा रोगको प्रकोप देखिन सक्ने हुँदा नियमित अनुगमन गर्नुहोस्। प्रकोप देखिएमा मेन्कोजेब ७५% डब्लु.पी., २ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा सम्पूर्ण बोट भिज्नेगरी हावा नचलेको समयमा छर्कनुहोस्।
- अरहर तथा चना बालीको कोसामा लाग्ने गवारो कीरा व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (हेली एन.पि.भी) २५० LE को १.५ एम.एल. हालेर साँझको समयमा छर्कनुहोस्, अथवा व्याक्टेरिया जन्य (बी.टी) *Bt* (डाई पेल, बायो लेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा छर्कनुहोस्, अथवा क्लोरानट्रानिलिप्रोल १८.५ एस.सी. ०.४ एम.एल. प्रति लिटर पानीमा मिसाई बोट भिज्नेगरि साँझको समयमा छर्कनुहोस्।

## फलफूल बाली

- लुम्बिनी र सुदूर-पश्चिम प्रदेशका तराई भू-भागका साथै कर्णाली र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा साताको शुरू र मध्यमा तीव्र गतिको हावा चल्ने संभावना भएकोले केरा लगायतका फलफूल बालीमा टेको दिनुहोस्।
- केराको काइयो बनिसकेपछि बुङ्गो काटेर हटाउनाले कोसाहरु प्रष्ट भइ घरिको तौल बढ्ने हुँदा नियमित अवलोकन गरि बुङ्गो हटाउनुहोस्।
- केराको बोट ओइलाउने रोग लागेमा प्राविधिकबाट जाँच गराई ढुसीबाट लागेको भएमा कपर अक्सिक्लोराईड २-३ ग्राम प्रति लिटरको दरले पानीमा घोलेर १० दिनको फरकमा ३ पटक केराको गाँजको वरिपरि सानो घेरा बनाई करीव १० लिटर विषादीको घोल राख्नुहोस्।
- यस समयमा केरामा गबारो कीरा लाग्न सक्ने भएकोले नियमित अनुगमन गर्नुहोस्। गवारो देखिएमा बगैंचाको सर-सफाई गर्ने, घारी काटिसकेपछिका ठुटाहरुलाई नष्ट गर्ने वा बोटको कापमा वा गुवोमा क्लोरपाइरिफस ४% जी. (डर्सवान) ५ ग्राम राख्नुहोस्। गवारो कीरालाई पासोको प्रयोग गरेर नष्ट गर्नको लागि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर तीनवटा टुक्रा-टुक्राको विचमा स-सानो ढुङ्गा (कंक्रिट) राखेर पासो तयार पार्ने र ठाँउ-ठाँउमा राखेर प्रत्येक दिन यसको अवलोकन गरी पासोमा परेको कीरा नष्ट गर्नुहोस्।
- फलफूल बालीका बोटमा मिलीबगको प्रकोप शुरु हुने समय भएकोले नियमित अवलोकन गर्नुहोस्। यसको व्यवस्थापनको लागि बगैंचाको सरसफाईमा ध्यान दिनुहोस्, साथै बोटको मुल काण्डको १ फीट जति माथि चारैतिर लेसिलो पट्टि (रेजिन वा ग्रीजमा अडीर (कास्टर) को तेल मिसाएर) लगाएमा वा ४०० गेजको २५-३० से.मी. चौडा बाक्लो प्लाष्टिक बोटको फेदमा बाँध्नाले कीराहरु उक्लेर जान सक्दैनन्।
- फलफूल बालीमा कालो ध्वाँसे ढुसी (Sooty Mold) यस मौसममा प्रशस्त देखिन सक्छ। नयाँ पात र पालुवामा कालो ध्वाँसे ढुसी देखिएमा १५ एम.एल खनिज तेल प्रति लिटर पानीमा घोली १०-१२ दिनको फरकमा ढुसी लागेको भाग भिज्नेगरि छर्कनुहोस्।
- सिंचाइ सुविधा भएका फलफूल बगैंचामा सिंचाइ गरी सिफारिस गरिएको मात्रा मिलाई मलखाद राख्नुहोस्। बगैंचामा चिस्यान कायम राखिराख्न स्याउला, घासपात, पराल, काठको धुलो, सुख्खा पातहरु प्रयोग गर्नुहोस् वा कालो प्लाष्टिकको छापो राख्नुहोस्। साथै पतेरो व्यवस्थापन गर्न डाइमेथोएट ३०% ई.सी., १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्नेगरी छर्कनुहोस्।
- पतझड फलफूलहरु (स्याउ, नासपाती, आरू, आरूबखडा, खुर्पानी आदि) मा ग्राफ्टिङ गर्नुहोस्।

- पतझड फलफूलको बगैंचा स्थापनाको लागि एक घन मिटर साइजको खाडल (१ मिटर गहिरो तथा १ मिटर व्यास भएको) खनी करिब एक महिना सुकाउनुहोस्। किटाणुहरु तथा कीराका फुल नष्ट गर्न सुकेका पातपतिंगर तथा झारपात खाडलमा राखी जलाउनुहोस्। फलफूलका बेर्नालाई खाडलको बिच भागमा रोप्नुहोस्।
- फलफूल बालीमा रोग लागेका, एक आपसमा जोल्टिएका, सर्लक्क बढेका चोर हाँगाहरु, कलमी भाग भन्दा तलबाट आएका हाँगाहरु काटी हटाउनुहोस्। यसरी काट्दा मुल काण्डसँग मिल्दो हुनेगरी काट्नुहोस्। किविफल, स्याउ, नासपाती जस्ता फलफूल बालीका २ वर्षभन्दा पुराना हाँगाहरुमा फल नलाग्ने हुनाले यस्ता हाँगाहरु माघ महिनाभित्र काँटछाँट गर्नुहोस्। काँटछाँट गर्दा बनेका घाउहरु तथा बिरुवाको काण्डमा फेदबाट १ मिटर माथिसम्म १० प्रतिशतको बोर्डोपेष्ट (१०० ग्राम नीलोतुथो, १०० ग्राम चुन प्रति लिटर पानी) बनाई लगाउनुहोस्। साथै १ प्रतिशतको बोर्डो मिश्रण (१० ग्राम नीलोतुथो, १० ग्राम चुना प्रति लिटर पानी) तयार गरि बिरुवाको सम्पूर्ण भाग भिज्नेगरि छर्नुहोस्।
- आँप र लिचीलाई रस चुस्ने कीराहरुबाट जोगाउन फूल फुल्नु भन्दा अगाडी नै डाइमेथोयट ३०% ई.सी. अथवा बुप्रोफेजिन २५% एस.सी., १ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्। साथै बोट वरिपरि खनी मल दिनुका साथै बोर्डो मिक्स्चर पनि लगाउनुहोस्।
- किविको कटिङ्ग बिरुवा भन्दा कलमी बिरुवा रोप्दा फलको उत्पादन बढी तथा गुणस्तर राम्रो हुने हुँदा कलमी बिरुवा मात्र रोप्नुहोस्।
- स्याउमा लाग्ने स्यानजोस् कत्ले र भुवादार लाही कीरा व्यवस्थापनको लागी काँटछाँट गरिसकेपछि खनिज तेल वा सर्वो आयल १० देखी १५ एम. एल. प्रति लिटर पानीमा मिसाई बिरुवाको सम्पूर्ण भाग भिज्नेगरी छर्कनुहोस्।

## तरकारी बाली

- लुम्बिनी र सुदूर-पश्चिम प्रदेशका तराई भू-भागका साथै कर्णाली र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा साताको शुरू र मध्यमा तीव्र गतिको हावा चल्ने संभावना भएकोले प्लाष्टिक टनेलहरुमा क्षती हुन नदिन विशेष सावधानी अपनाउनुहोस्।
- उच्च पहाडमा छोटा, मोटा र हरिया टुसा भएका डेजिरे, खुमल उज्वल, खुमल विकास, खुमल उपहार, खुमल सेतो १, खुमल लक्ष्मी, कुफ्रि ज्योती, जनकदेव, कार्डिनल, रोजिटा मध्ये उपलब्ध जातको बीउ रोप्नुहोस्। जग्गा तयारीको समयमा १००० के.जी. कम्पोष्ट मल तथा डि.ए.पी. १०.९ के.जी., युरीया २.५ के.जी. र म्युरेट अफ पोटास ५.० के.जी. का दरले माटोमा मिलाउनुहोस्। सिंचाइको ब्यवस्था नभएका सुख्खा जग्गामा रोप्ने बेलामा नै छापोको प्रयोग गर्नुहोस्।
- सकभर मझौला खालको सिंगो बीउ आलु प्रयोग गर्नुहोस्। तर बीउ आलु ठुलो भइ नकाटी नहुने अवस्थामा मात्र खायन आलु उत्पादनका लागि उपलब्ध टुसा (कम्तीमा दुई आँखा रहने गरी) को संख्या हेरी काटेर रोप्नुहोस्। रोप्ने बेलामा काटेर रोप्दा काटिएको ठाँउबाट रोग कीराको संक्रमणका साथै माटोमा चिस्यानको मात्रा बढी भएमा कुहिने संभावना भएकोले बीउ आलु रोप्नुभन्दा २/३ अगाडी काट्नुहोस्। काटिसकेपछि बेभिष्टिन २ ग्राम प्रतिलिटरको झोलमा ५ मिनेट डुवाएर बीउ आलु उपचार गरी घाम नपर्ने र राम्ररी वायुसंचार हुने उज्यालो कोठामा फिंजाएर राख्नुहोस्।
- आलुबालीमा धुले दादे (Powdery scab) रोग देखिएका स्थानहरुमा आलु लगाउनुपूर्व बीउलाई एमिसुल्ब्रोम (Amisulbrom) नेकोबु ५% एस.सी. फ्लुयाजिनाम (Fluazinam) ४०% एस.सी., ५ एम.एल. प्रति लिटर पानीको दरले तयार गरिएको झोलमा बीउ आलुलाई ३०-४० मिनेट डुबाएर रोप्नुहोस र खेतमा उक्त झोल १० एम.एल. प्रति बोटका दरले आलु रोपेपछि ड्रेन्चिङ गर्नुहोस्।
- मध्य पहाडमा शित भण्डारणबाट निकाली राम्रोसँग टुसाएका जनकदेव, डेजिरे, कुफ्री ज्योती, खुमल सेतो १, खुमल उपहार, खुमल उज्वल, खुमल विकास र कार्डिनल मध्ये उपलब्ध जातहरूको गुणस्तरीय बीउ आलु रोप्नुहोस्।

- तराई, भित्री मधेश तथा बेंशीमा परिपक्क भइसकेको आलु खन्नुहोस्। खनेको आलुलाई अँध्यारो, सुख्खा र चिसो (१०-१५°C) ठाउँमा काठका बाकस, प्लाष्टिकका क्रेट वा र्याकमा फिंजाएर ३ तहसम्म मिलाएरू दुई हप्तासम्म राख्नुहोस्। यसरी राख्दा दुई तहको विचमा पत्रिका ओछ्याएर राख्नुहोस्। बोक्रा बाक्लो भएका, राम्रोसँग ओभाएका, चोटपटक नलागेका, नकुहिएका र रोग नलागेका, २५ देखि ५० ग्राम तौल भएका आलुका दानालाई बीउको रूपमा छनोट गरी बोरामा प्याकिंग गरी कोल्डस्टोरमा भण्डारण गर्नुहोस्। प्याकिंग गर्दा बोराको भित्र र बाहिर कृषकको नाम, आलुको जात, बीउको स्तर, खायन वा बीउ के प्रयोजनका लागि हो छुट्टिने गरी लेबल लगाएर कोल्डस्टोरमा भण्डारण गर्नुहोस्। बीउ आलुलाइ फ्रिजमा वा डिप फ्रिजमा, अन्य फलफुलको नजिक भण्डारण गर्नुहुँदैन र भण्डारण गर्नु ठीक अघि पानीले पखाल्नु पनि हुदैन।
- बीउ उत्पादनको लागि रोपिएको मूला, रायो र काउली बालीमा अल्टरनेरिया पात थोप्ले रोग लाग्ने संभावना भएकोले नियमीत अनुगमन गरि व्यवस्थापनका उचित विधिहरु अपनाउनुहोस्।

**<u>काउली समूहका बालीमा लाग्ने गाँठे रोग व्यवस्थापनका विधिहरुः</u>**

- रोग मुक्त बेर्नाको प्रयोग गर्नुहोस्।
- खेती प्रणालीमा सुधार गर्नुहोस्।
- बाली लगाउनु भन्दा ६ हप्ता अगाडी कृषि चुनको प्रयोग गर्नुहोस्।
- अग्लो ड्याङमा बाली लगाउनुहोस्।
- घुम्ती बाली लगाउनुहोस्।
- रोग लागेको खेत भए तेहको सिंचाइको प्रयोग नगर्नुहोस्।
- कम्पोस्ट मलको प्रयोग गर्नुहोस्।
- ७ हप्ता भैसकेको छिप्पिएको बेर्ना प्रयोग गर्नुहोस्।
- खेतबारीको सफाई गर्नुहोस्।
- जंगली झारपातहरू निर्मुल गर्नुहोस्।
- रोगी बोटका जराको उचित ब्यबस्थापन गर्नुहोस्।
- कृषि औजारहरूको सरसफाई गर्नुहोस्।
- बिषादीहरुको प्रयोग गर्नुहोस्।




चित्रः रोगग्रस्त काउली र गान्टेमुला

* नेविजिन नामक विषादी १० किलो प्रति रोपनीका दरले जग्गा तयार गर्ने बेलामा बुर्बुराउँदो माटोमा मिसाएर प्रयोग गर्नुहोस्।

* सोहि विषादी ५ ग्राम प्रति लिटर पानीमा घोलेर काउली/बन्दा रोप्ने डयाँग राम्ररी भिज्ने गरी छर्केर उपचार गर्नुहोस्।

* नेविजिन नामक बिषादीको घोलमा १५-२० मिनेट डुबाएर उपचार गरेपछि बेर्नाहरु सार्नुहोस्।

* फ्लुयाजिनाम् (Fluazinam) नामक बिषादी को ०.२% को घोल पनि त्यतिकै प्रभावकारी पाइएको पाइएकोले उक्त घोलमा १५-२० मिनेट डुबाएर बेर्ना उपचार गरेपछि सार्नुहोस्।

- लसुन र प्याजको, प्याजी डढुवा रोग व्यवस्थापनको लागि बारी सफा गरि रोगी पातहरु हटाई खाल्डो खनेर पुर्नुहोस्। रोगको अवस्था हेरि ७ दिनको फरकमा कार्बेन्डाजिम + मेन्कोजेबयुक्त विषादी २ ग्राम प्रति लिटर पानीका दरले वा फेनामेडन +



मेन्कोजेवयुक्त विषादीहरु १.५ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण पातहरु भिज्नेगरि ३-४ पटकसम्म छर्केर उपचार गर्नुहोस्।

- लसुन, सिमी तथा बकुल्लामा सिन्दुरे रोगको अनुगमन गरी प्रकोप देखिएमा रोगी पातहरु हटाएर प्रोपिकोनाजोल २५% ई.सी. वा टेबुकोनाजोल र ट्राइफ्लोक्सिस्ट्रोबिन (Nativo) ७५% डब्लु.जी., १ ग्राम प्रति लिटर पानीको दरले सम्पूर्ण पातहरु भिज्नेगरि १०-१२ दिनको फरकमा २-३ पटक सम्म छर्केर उपचार गर्नुहोस्।



चित्रः सिमी तथा बकुल्लाको पातहरुमा लागेको सिन्दुरे रोग

- लसुन तथा प्याजको जरा कुहिने रोग ब्यवस्थापनको लागि वेभिष्टिन (Carbendazim ५०% WP) २ ग्राम प्रति लिटर पानीका दरले वा ५ % नेकुबो (Nekubu, Amisulbrom) नामक ढुसीनाशक विषादी १४ दिनको फरकमा ३ देखि ४ पटकसम्म सम्पूर्ण जरा भिज्नेगरि हाल्नुहोस्।
- लहरे तरकारी बालीहरुको नर्सरी पोलीपटमा राखी प्लास्टिकको गुमोज भित्र राख्नुहोस्।
- लहरे तरकारी बालीहरुको बेर्ना उम्रिसकेको भए सेतो प्लास्टिकको छानो दिनको समयमा उघार्ने र रातीको समयमा छानो ओढाउनुहोस्।



चित्रः प्याजको जरा कुहिने रोग

- गोलभेंडामा लाग्ने गवारो (Fruit borer) कीरा व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (हेली एन.पि.भी.) २५० LE को १.५ एम.एल. हालेर साँझको समयमा स्प्रे गर्नुहोस्, अथवा व्याक्टेरियाजन्य (बी.टी.) *Bt* (डाईपेल, बायोलेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुहोस्, अथवा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.४ एम.एल. प्रति लिटर पानीमा मिसाई बोट भिज्नेगरि स्प्रे गर्नुहोस्। साथै कीराले नोक्सानी गरेका फलहरु संकलन गरी खाडलमा पुर्नुहोस्।
- गोलभेंडामा भाइरस रोगको लक्षण देखिएमा रोगग्रस्त सबै बोटहरु उखेल्नुहोस् र यो प्रक्रिया एक हप्तापछि पुनः दोहोर्याउनुहोस्। झारपातको उचित व्यवस्थापन गर्नुहोस्। बोट छुनुअघि साबुन पानीको झोलले हात धुनुका साथै खेतीमा प्रयोग गरिने औजारहरु राम्रोसँग धुनुहोस्। रोगग्रस्त बोट छोएपछि हात नधोई अन्य निरोगी बोटहरु नछुनुहोस्। भाईरस रोग सार्ने कीराहरु जस्तै- लाही तथा सेतो झिँगाको व्यवस्थापनका लागि नीमजन्य विषादी ५ एम.एल. प्रति लिटर पानीको दरले अथवा करन्ज आयल २ एम.एल. प्रति लिटर पानीको दरले मिसाई छर्कनुहोस्। प्रकोप ज्यादा भएमा एसिटामिप्रिड २०% एस.पि., ०.५ ग्राम प्रति लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।



चित्रः भाईरस लागेका गोलभेडाका बोटहरु

- होचो बोट हुने गोलभेंडामा काँटछाँट गर्दा भुँई छुने पातहरु मात्र हटाउनुहोस्। अग्लो बोट हुने जातको गोलभेंडा ६०x६० से.मी. दूरीमा लगाएको छ भने ३ वटा हाँगा तथा ४०x४० वा ४०x६० से.मी. दूरीमा गोलभेडा लगाएको छ भने दुईवटा हाँगा मात्र राखी बाँकी हाँगाहरु सानैमा चिमोटेर फाल्नुहोस्, जसले गर्दा रोग कीराको प्रकोप कम हुनुका साथै गुणस्तरीय फलको उत्पादन लिन सकिन्छ।

## अन्य

- कार्तिक महिनामा लगाईएको उखुबालीमा गोडमेल पश्चात ४.४ के.जी. युरिया प्रति रोपनी वा २.९ के.जी. युरिया प्रति कट्ठाको दरले दोश्रो टपड्रेस गर्नुहोस्। उखुबालीमा चिस्यानको कमी भए सिंचाइ गरेर मात्र युरिया मलको प्रयोग गर्नुहोस्।
- तापक्रम कम हुँदै जादाँ लाही कीराको प्रकोप बढ्दै जाने हुनाले यसको व्यवस्थापनका लागि एक भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर रातभरि राखी लाही लागेको ठाँउमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस् वा खरानीको धूलो लाही कीरा लागेको ठाँउमा बिहानीपख छर्कनुहोस्। प्रकोप ज्यादा भएमा फ्लोनिकामिड ५० डब्लु.जी., १ ग्राम ३ लिटर पानीको दरले छर्कनुहोस्।
- तापक्रम घट्ने क्रम जारी भएकोले मौरी घारलाई चारैतिरबाट प्लास्टिक वा जुटको बोराले बेरेर राख्नुहोस्। साथै घारको नियमित निरीक्षण गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी बनाएर खुवाउनुहोस्।

### कफि बाली



चित्रः कफिबालीमा जरा कुहिने रोग

- कफिलाई गबारो कीराबाट जोगाउन माघको अन्तिमसम्म सबै फल टिपिसक्नुहोस्। साथै, खस्रो डाँठहरु लाई खाक्सी अथवा जुटको बोराले घोटी चिल्लो पारी त्यसमा बोर्डो मिक्स्चर/गोबर र रातो माटो मिलाई लगाउनुहोस्।
- बीउको लागि राम्रो बोटको बिचको हाँगा र झुप्पा छनोट गर्नुहोस् र राम्ररी पाकेका दानाहरुलाई बोक्रा खोल्स्याएर पार्चमेन्टलाई घाम नपर्ने ठाउँमा खरानीले उपचार गरेर राख्नुहोस्।
- कफि बालीमा जरा कुहिने रोग व्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त विषादी २-३ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा सम्पूर्ण जरा भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस्।
- कफि बालीमा पात डढुवा रोग व्यवस्थापनको लागि मेन्कोजेबयुक्त विषादी २ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा सम्पूर्ण पात भिज्नेगरी छर्कनुहोस्।
- लामो समयदेखि पानी नपरेकोले बगैंचामा सिंचाइको व्यवस्था गरी पाकेको कम्पोष्ट मल वा जैविक तथा प्राङ्गारिक मल ५ के.जी., १ के.जी. पिना र १ के.जी. हड्डीको धुलो र २०० ग्राम कृषि चुन बोटको काण्डबाट एक फीट टाढा हाँगा पुगेसम्म आधार मानी वरिपरि दिनुहोस्।
- नर्सरी सेडहाउसमा चारैतिर एग्रो नेट र साधारण प्लाष्टिकको प्रयोग गर्नुहोस्।
- नयाँ कफि रोपणको लागी लाईन देखि लाईनको दूरी २ मिटर र बोट देखि बोटको दूरी १.५ मिटर कायम हुने गरी (२x२x२) फीटको खाडल खन्न शुरु गर्नुहोस्।

## पशुपालन

### गाई, भैंसी, भेडा, बाख्रा

- खोरेत र चरचरे विरुद्द खोप लगाउने समय भएकोले नजिकैको प्राबिधिकसँग सम्पर्क गरि पशुवस्तुलाई समयमै खोप लगाउनुहोस्।
- भर्खर जन्मिएका र साना बाच्छा-बाच्छीलाई छेर्ने समस्याबाट जोगाउन न्यानो सोत्तर बिछ्याउनुहोस् र माउको बिगौती दुध शारीरिक तौलको ८% का दरले खुवाउनुहोस्। ३-७ महिनाका बाच्छा-बाच्छीलाई छेर्ने रोग देखिएमा प्राबिधिकसँग सम्पर्क गरि सल्फा ग्रुपका औषधीहरु खुवाउनुहोस्।
- पशुलाई युरिया मोलासिस मिनिरल ब्लक ३०० ग्राम प्रति दिनका दरले चाट्न दिनुहोस् साथै प्रशस्त मात्रामा पानी पिउन दिनुहोस्।

- लामो समयसम्म बर्षा नभएको र हरिया घाँसहरुको उपलब्धता निकै कमि हुन गएकाले, पशुहरुको आहारामा खनिज तत्वहरुको कमी हुने भएकाले बजारमा उपलब्ध खनिज मिश्रणहरु, ठुला पशुहरुलाई ५०-१०० ग्राम प्रति दिन र साना पशुहरुलाई ३०-५० ग्राम प्रति दिनका दरले हरेक महिना एक देखि दुई हप्ता सम्म लगातार खुवाउनुहोस्।

## कुखुरा, हाँस, बंगुर

- यो समयमा पन्छीहरुमा बर्डफ्लूको उच्च जोखिम रहेकोले फार्ममा जैविक सुरक्षा अपनाउनुहोस्। फार्ममा एकैपटक धेरै कुखुरामा श्वासप्रश्वास सम्बन्धि रोगको लक्षण देखापरेमा, मृत्युदर बढी भएमा वा बर्डफ्लू रोगको शंका लागेमा विशेष सतर्कता अपनाई नजिकैको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नुहोस्।
- हाल काठमाडौंका केही स्थानहरुमा, खुल्ला रुपमा अव्यवस्थित तरिकाले नदी किनारका आसपाास पालिएका हाँस र टर्कीमा HPAI प्रकारको एभियन इन्फ्लुएन्जा पुष्टि भइसकेको छ। तसर्थ कुखुरा, हाँस, टर्की जस्ता पंक्षीहरुमा सो रोग लाग्न नदिन निम्नानुसारका उपायहरु अपनाउनुहोस्।
  - सम्भव भएसम्म घरपालुवा पंक्षीहरुलाई जंगली वा बसाईं सरेर आउने पंक्षीहरुको संसर्गमा आउन नसक्ने गरी पाल्नुहोस्।
  - आफूले पालेका पंक्षीहरु आकस्मिक रुपमा धेरै मर्न थालेमा वा श्वास-प्रश्वास सम्बन्धि रोग देखापरेमा नजिकैको पशु सेवा कार्यालयहरुमा सम्पर्क गरी प्रयोगशाला परिक्षणका लागी तुरुन्तै लैजानुहोस्।
  - आफ्नो फार्म, खोर र पंक्षी पालिएका स्थानहरुमा जैविक सुरक्षाका सम्भव भएसम्मका उपायहरु अपनाउनुहोस्। पंक्षी खोरहरुमा काम गरिसकेपछि व्यक्तिगत सरसफाईमा विषेश ध्यान दिनुहोस्।
  - रोगी र अस्वस्थ पंक्षीहरुको मासु नखानुहोस् वा खानको लागि अरुलाई नबेच्नुहोस् साथै ओसारपसार पनि बन्द गर्नुहोस्।

## मत्स्यपालन

- वातावरण परिवर्तनसँगै प्रजनन् समयमा कमजोर शारीरिक अवस्थाका कारण कार्प जातका माउमाछामा वाह्य परजीवी आर्गुलस (माछाको जुम्रा) को प्रकोप देखिएमा डयुराक्लिन ०.३ ग्राम प्रति के.जी. दानाको दरले तीन दिनसम्म लगातार दिएपछि एक दिन छोडी पुनः दुई दिनसम्म लगातार दिनुहोस्। पोखरी उपचारका लागि घाम लागेको दिनमा अथवा निरन्तर एरिएसन दिई पोखरीमा पानीको गहिराई कम्तिमा एक मिटर कायम राखि ७ मिलिलिटर फर्मालिन अथवा डेल्टामेथ्रिन, १-१.५ मिलिलिटर प्रति कठ्ठा जलाशयका दरले पोखरी उपचार गर्नुहोस्। उपचार गरेको २४ घण्टापछि कम्तिमा २५-३० प्रतिशत स्वच्छ पानी लगाई पोखरीबाट संक्रमित पानी विस्थापित गर्नुहोस्। यसरि पोखरी उपचार गर्दा जलीय सुक्ष्म जीवहरुको ह्रास हुन गई पोखरीको उत्पादन क्षमता कम हुने भएकोले उपचार गरेको भोलिपल्ट १.५ के.जी. डि.ए.पी. र ०.५ के.जी. यूरिया प्रति कठ्ठा जलाशयको दरले बेग्लाबेग्लै भिजाई पोखरीको चारै कुनामा छर्कनुहोस्। पोखरी उपचार गरेको एक हप्ता अघि र पछि पोखरीमा गोबर मलको प्रयोग नगर्नुहोस्। प्रकोप हेरि पाँच दिनको अन्तरालमा बढीमा तीनपटकसम्म पोखरी उपचार गर्नुहोस्।



**चित्रः वाह्य परजीवी आर्गुलस (माछाको जुम्रा) संक्रमित माछा**

- तराईका जिल्लाहरुमा कमन कार्प तथा ग्रास कार्प जातका माछाको प्रजनन समय भएको हुँदा जननेन्द्रियको आधारमा प्रजनन योग्य माउमाछा छुट्याउनुहोस्। साथै, कमन कार्प माछाले पोखरीमा प्राकृतिक रुपमा प्रजनन गर्ने हुँदा भाले र पोथी लाई २:१ अनुपातमा छुट्टाछुट्टै पोखरीमा राख्नुहोस्।
- यसरी छुट्याइएका माउमाछालाई कुल तौलको ३-४ प्रतिशतका दरले २८-३० प्रतिशत प्रोटिन रहेको दाना दिनहुँ नियमित समयमा दिनुहोस् र माउमाछा भएको पोखरीमा पानी बदल्दा बोरिंगको पानी प्रयोग गर्नुहोस्। साथै विकसित अन्डालाई पर्याप्त पोषण पुर्याउन हप्ता दिनको अन्तरमा भिटामिन सी.(Vitamin C) ०.५ के.जी. र भिटामिन ई (vitamin E) २५०० एम.जी. प्रति के.जी. माछाको दरले दानामा मिसाई खुवाउनुहोस्।
- तराईका जिल्लाहरुमा कमन कार्प माछाको प्रजनन् समय भएको हुँदा हप्ता दिनको अन्तरमा तयार माउ छनौट गरी काकाबनयुक्त प्रजनन् पोखरीमा सेट राख्नुहोस्। अण्डाबाट निस्केको ह्याचलिङलाई प्रति दिन प्रति एक लाख नाभि थैली (yolk sac) सुकेपछि शारीरिक तौलको १५-२०% धुलो दाना र थप ४ वटा उसिनेको अन्डाको रानो (yolk) को झोल बनाई खुवाउनुहोस्।
- प्रजनन् गराइएका माउमाछाहरु लाई सफा र ताजा पानी राखी ह्याचरि वा माउ माछा राख्ने ट्याङ्कीमा पानीको हल्का फोहोरा दिएर २-३ दिनसम्म राखि तत्पश्चात माउ हुर्काउनको लागि तयार गरिएको पोखरीमा राखेर सन्तुलित दाना दिनुहोस्।
- कमन कार्प माछाको अण्डाबाट निस्केको ह्याचलिङलाई अनुसूची-५ मा दिईए अनुसार दानाको प्रयोग गर्नुहोस्।
- पंगास जातको माछाले चिसो मौसम सहन नसक्ने हुँदा बिक्रीयोग्य साईजको माछालाई अलग्गै छुट्टाई अन्य माछालाई करिब २-२.५ मिटर गहिरो पोखरीमा स्टकिंग गर्नका लागि आवश्यक तयारी गर्नुहोस्।
- जाडोयाममा ट्राउटको दानामा ओसिलोपना बढी भै ढुसीको संक्रमण हुन्छ। यस्तो दाना खुवाउँदा ट्राउट माछामा कलेजो सुन्निने रोग हुन सक्दछ। ढुसीको संक्रमण हुन नदिन दानालाई ओभानो तथा चारैतिर हावा खेल्ने कोठामा भण्डारण गर्नुहोस्। कलेजो सुन्निने रोगको असरलाई न्यूनिकरण गर्न भिटामिन- ई (α-Ocopherol) २०-३० एम.जी. प्रति के.जी. माछाको वजनको अनुपातमा १५ दिनको अन्तरालमा दानामा मिसाई दिनुहोस्।
- इ.यु.एस. (Epizootic Ulcerative Syndrome) संक्रमित माछाको शरीरमा स-साना राता धब्बाहरु देखिन्छ र अत्याधिक संक्रमण भएको माछाको शरीरमा गहिरो घाउ हुन्छ। यस्तो लक्षण देखिएमा संक्रमित पोखरीमा सिफालेक्सिन (Cephalexin) ८० एम.जी. प्रति के.जी. माछालाई १५ दिनसम्म दानामा मिसाई खुवाउनुहोस् साथै कोर्सोलिन टि.एच. (Kohrsolin TH) ले दुई साताको अन्तरालमा ९०० एम.एल. प्रति हेक्टर जलाशयका दरले कम्तिमा एक मिटर पानी गहिराई कायम गरि पोखरीको उपचार गर्नुहोस्।

## घाँसेबाली

- लामो समय देखि पानी नपरेको हुनाले खरबारी, डालेघाँस लगाएको नर्सरी, बेर्ना सारेको बारी तथा गोठ वरिपरी आगो लाग्नबाट बचाउन २-३ मिटर चौडाईमा घाँसपात पतिंगर हटाई अग्नि नियन्त्रण रेखा (Fire corridor) बनाउनुहोस्।
- हरेक ३०-३५ दिनमा (प्रत्येक कटाई पश्चात) जै/वर्सिम घाँसमा सिंचाइ गरी २.१ के.जी. प्रति कठ्ठाका दरले युरिया टपड्रेस गर्नुहोस्।
- हिउँद महिनामा विभिन्न डालेघाँसहरु जस्तै- कोइरालो, कुटमिरो, खन्यु, गिठी, चिउरी, चुलेत्रो, जिङट, निमारो, पाखुरी, बडहर, भिमल आदि खुवाउन सकिन्छ। पात झर्ने समयमा काटिने डालेघाँसहरुमा झुसिल्कीरा लगायत अन्य विषालु कीराहरु हुनसक्ने भएकोले खुवाउनु अघि राम्ररी हेर्नुहोस्। डाले घाँस काट्न सकिने समयबारे अनुसूची-६ मा विस्तृतमा दिईएको छ।

## कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. टिका राम चापागाँई | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | chapagaintika@gmail.com | ९८५११३३६१२ |
| २ | नविन गोपाल प्रधान | बागवानी | राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ३ | राजेन्द्र कुमार भट्टराई | बाली विज्ञान | राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ४ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ५ | डा. प्रदीप शाह | बाली विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ६ | सुदीप कुमार उपाध्याय | कीट विज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ७ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| ८ | डा. नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| ९ | चुरामणि भुसाल | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | bhusalchuramani12@gmail.com | ९८४५६३०४६१ |
| १० | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| ११ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १२ | डा. विरेन्द्र बहादुर राना | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | biru.deep25@gmail.com | ९८५१२५५३१५ |
| १३ | मुक्ति नाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | muktinath2043@gmail.com | ९८६३३८२२५४ |
| १४ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १५ | शिवा अर्याल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर | sivaaryal@gmail.com | ९८४१३८०५१० |
| १६ | लसकुस समीर श्रेष्ठ | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि. अ. बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |
| १७ | विनोद वावु ढकाल | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौ | binod.dhakal657@gmail.com | ९८४६२१६१७५ |

# अनुसूची -१ः नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

## Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No cloud in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hour |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at a few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at a some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागी कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राती) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## अनुसूची-२ः मकैबालीको लागि आवश्यक युरियाको मात्रा (युरियाः किलोग्राम प्रति कट्ठा)

| अवस्था | खुला सेचित | | बर्णशंकर | |
|---|---|---|---|---|
| | २५-३० दिनपछि (घुडाघुडा आउने समयमा) | ५५-६० दिनपछि (धानचौर आउने बेलामा) | २५-३० दिनपछि (घुडाघुडा आउने समयमा) | ५५-६० दिनपछि (धानचौर आउने बेलामा) |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | २.५ | २.५ | ४.० | ४.० |
| मध्य तराई (पर्सा देखि सप्तरी सम्म | २.८ | २.८ | ३.३ | ३.३ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | २.८ | २.८ | ४.० | ४.० |
| सुदूरपश्चिम तराई (बाँके देखि कन्चनपुर सम्म | २.८ | २.८ | ३.३ | ३.३ |
| भित्रि तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | २.५ | २.५ | ४.० | ४.० |
| पहाडी भागमा (प्रति रोपनी) | ३.८ | ३.८ | ४.९ | ४.९ |

रासायनिक मलको प्रयोग गर्दा फस्फोरस, पोटास, जिंक सल्फेट र बोरेक्सको पुरै मात्रा तथा नाइट्रोजनको एक तिहाई मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाई बाली लगाएको २५-३० दिनपछि (घुडाघुडा आउने समयमा) र बाँकी एक तिहाई ५५-६० दिनपछि (धानचौर आउने बेलामा) प्रयोग गर्नुहोस्।

## अनुसूची ३ः माटोको सौर्य उपचार विधि

फागुन-चैत महिनामा नर्सरी राख्ने ठाउँमा माटोमुनि बसेर बाली बिरुवालाई नोक्सानी गर्ने झारपात, जीवाणु, किटाणुहरुको व्यवस्थापन गर्न पारदर्शी प्लाष्टिकले माटोलाई छोपी सुर्यको प्रकाशको मद्दतले माटोको उपचार गर्न यो विधि उपयुक्त मानिन्छ। यसका लागि ब्याड बनाउने ठाउँमा राम्रोसँग खनजोत गरी माटोको डल्ला फुटाई मसिनो पार्ने, झारपात तथा ढुंगालाई हटाउने, आवस्यक पर्ने गोठेमल माटोमा मिलाउने र पानीको निकासको लागि कुलेसो बनाउनुहोस्। जमिनको सतहबाट एक बित्ता उठाएर १ मिटर चौडाई र आवश्यकता अनुसार लम्बाई भएको, बिचको भाग केही उठेको र दायाँ बायाँ केही भिरालो भएको ब्याड राख्नुहोस्। माटो सुख्खा छ भने ६ इन्च गहिरो भिज्नेगरि सिंचाइ गर्नुहोस्। यसरी तयार भएको ब्याडलाई २५०-३०० गेजको प्लाष्टिकले करिब २५ से.मी. प्लाष्टिक ब्याड भन्दा बाहिर हुनेगरी माटो कालो नुहुन्जेल (करिब ३ हप्ता) छोप्नुहोस्। ब्याड राख्नुभन्दा अगाडी माटोलाई कुटोको सहायताले हल्का चलाउने र करिब ४-५ दिनसम्म चिसो हुन दिई बीउलाई पुरै ब्याडमा एकैदिन छर्नुहोस्। बीउ छरिसकेपछि नउम्रेसम्म छापोको व्यवस्था गर्नुहोस्। यसरी उपचार गरेको माटो करिब ६ महिनासम्म ब्याडको रुपमा प्रयोग गर्न सकिन्छ।

## अनुसूची-४ः राईस ट्रान्सप्लान्टरका लागि बेर्ना राख्ने तरीका

**आवश्यक पर्ने सामाग्रीहरु**

- बीउ
- प्लास्टिक सिट
- माटो छान्ने जाली/मेशिन
- गोबर मल
- जुटको बोरा र हजारी
- ट्रे अथवा बीउ राख्ने फ्रेम

**विधि**

धान रोप्ने मेसिनको ट्रे को आकार मेसिनको किसिम अनुसार फरक पर्ने हुनाले ट्रे को आकार अनुसार बेर्ना व्यवस्थापन गर्नुहोस्।



- माटो छान्ने जाली अथवा मेशिनको प्रयोग गरी माटो राम्री चाल्नुहोस्।
- धानको बीउलाई २४ घण्टा सम्म पानीमा भिजाउनुहोस्।
- भिजाई सकेको धानलाई छानेर १२ घण्टासम्म जुटको बोरामा राख्नुहोस्। यसले धानमा टुसा आउन सहयोग गर्दछ।
- यसपछि ट्रे मा ४ भाग छानेको माटोमा १ भाग गोबर मल मिलाई मिश्रणलाई एकनासले लेभल मिलाई टुसा आईसकेको धान प्रति ट्रे करिब ८०-१०० ग्राम बीउ (करीब ३०० ग्राम प्रति वर्ग मिटर ) मिलाएर राख्नुहोस्। (प्रति कठ्ठा यस्ता ८-१० वटा ट्रे आबस्यक पर्छ)
- चराले बीउ खानबाट जोगाउन ट्रेमा बीउ राखिसकेपछि माटोले हल्का छोप्नुहोस्।
- ट्रेको चिस्यान नियमित अनुगन गरी हजारीको प्रयोगले नियमित पानि छर्कनुहोस्।
- बीउ छरेको १ हप्ता पछि २/३ बिराएर ०.५% युरिया पानीमा मिलाई छर्कनुहोस्।
- बीउ उम्रेपछि ट्रेमा हल्का पानि जमाएर सिंचाइ कार्य गर्नुहोस्।
- धान रोप्नु भन्दा २/३ दिन अगाडी बेर्नामा पानि दिन बन्द गर्नुहोस्।
- अहिलेको समयमा धानको बेर्ना उत्पादन गर्न चाहिने तापक्रम अझै पुगी नसकेको हुनाले अकुरण (germination) नहुँदा सम्म बीउ राखिएको फ्रेम/ट्रे लाई राति प्लास्टिकले छोप्ने तथा बिहान घाम आएपछि हटाउने गर्नुहोस्।
- ट्रे उपलब्ध नहुने अवस्थामा ३/४ ईन्चको स्क्वाइर बारलाई मेसिनको ट्रे साईज अनुसार फ्रेम बनाई पनि बेर्ना तयार गर्न सकिन्छ। यसरि बनाईएको ट्रेलाई साधारण प्लास्टिकमा साना साना प्वाल पारी प्लास्टिक माथि राखि माथि उल्लेख गरिएको विधिबाट बेर्ना तयार गर्न सकिन्छ।

*अन्य प्राविधिक जानकारीका लागि राष्ट्रिय कृषि अनुसन्धान केन्द्र खुमलटार अथवा कृषि औजार अनुसन्धान केन्द्र रानीघाट, बिरगंजमा सम्पर्क गर्नुहोस्।*

## अनुसूची-५: कमन कार्प माछाको ह्याचलिंगलाई दैनिक दाना/आहारा दिने तालिका

| समय अवधि | दानाको प्रकार | दाना दिने दर | प्रति दिन |
|---|---|---|---|
| पहिलो हप्ता | सानो जु-प्लाङ्कटन, अन्डाको झोल, ३०-३५% प्रोटिनयुक्त पाउडर दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १५-२०% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन ४ वटा अन्डाको झोल, १०-१५ ग्राम तयारी दाना | ३-४ पटक |
| दोश्रो हप्ता | ठुलो जु-प्लाङ्कटन, ३०-३५ % प्रोटिनयुक्त क्रम्बल नं.-१ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १०-१५% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन २५०-२७५ ग्राम तयारी दाना | ३ पटक |
| तेश्रो हप्ता | ठुलो जु-प्लाङ्कटन ३०-३५% प्रोटिनयुक्त क्रम्बल नं.२ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ८-१०% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन ४५०-५०० ग्राम तयारी दाना | ३ पटक |
| चौथो हप्ता | ठुलो जु-प्लाङ्कटन ३०-३५ % प्रोटिन युक्त क्रम्बल नं.३ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ५-१०% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन ७००-७५० ग्राम तयारी दाना | २-३ पटक |

## अनुसूची-६: हिँउद महिनामा काट्न सकिने डाले घाँसहरु

हिउँद महिनामा विभिन्न डालेघाँसहरु जस्तै कोइरालो, कुटमिरो, खन्यु, गिठी, चिउरी, चुलेत्रो, जिङट, निमारो, पाखुरी, बडहर, भिमल आदि खुवाउन सकिन्छ। हिंउद महिनामा पशु आहारको आपूर्तिमा डालेघाँसबाट ४१% योगदान रहेको छ।

**डाले घाँस काट्न सकिने महिना**

कुट्मिरो- कात्तिक देखि फागुन सम्म
भिमल- कात्तिक देखि फागुन सम्म
गिठी- मंसिर देखि फागुन सम्म
कोइरालो- मंसिर देखि चैत्र सम्म
खन्यु- कात्तिक देखि चैत्र सम्म
चिउरी- कात्तिक देखि चैत्र सम्म
चुलेत्रो- कात्तिक देखि चैत्र सम्म
निमारो- कात्तिक देखि चैत्र सम्म
पाखुरी- कात्तिक देखि चैत्र सम्म
काब्रो- कात्तिक देखि चैत्र सम्म
बडहर- कात्तिक देखि चैत्र सम्म
जिङट- कात्तिक देखि वैशाख सम्म